# काभ्रेपलाञ्चोक जिल्ला अदालत

धुलिखेल, काभ्रेपलाञ्चोक
(प्रशासन शाखा)

पत्र संख्या: २०७७/०७८
च.नं.

मितिः २०७७|१०|०२

## समाजसेवी तथा बाल मनोविज्ञ वा बाल बिशेषज्ञको सुचिकृत सम्बन्धी सुचना।

प्रस्तुत बिषयमा बाल न्याय सम्बन्धी कार्य तथा सेवा प्रवाह गर्नको लागि बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६२ को उपदफा (१) बमोजिम समाजसेवी तथा बाल मनोविज्ञ वा बाल बिशेषज्ञको नामावली सुचिकृत गर्ने प्रयोजनार्थ बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम १३ ले समाजसेवी र नियम १४ ले बाल मनोविज्ञ वा बाल बिशेषज्ञको योग्यता सम्बन्धी बिषयलाई मध्यनजर गरी समाजसेवी तथा बाल मनोविज्ञ वा बाल बिशेषज्ञको रोस्टर खडा गर्नुपर्ने भएकोले देहायको योग्यता पुगेका व्यक्तिले आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र १ प्रति फोटो समेत संलग्न गरी यो सुचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस अदालतमा दरखास्त दिनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**योग्यता:**

१. **बाल मनोविज्ञ वा बाल बिशेषज्ञ:**

- मान्यता प्राप्त विश्वविद्यालयबाट मनोबिज्ञान बिषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा
- मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै पनि बिषयमा कम्तिमा स्नातक वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा बाल मनोविज्ञानका सम्बन्धमा कम्तिमा २ महिनाको तालिम प्राप्त गरेको र
- फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको।

२. **समाजसेवी:**

- मान्यता प्राप्त विश्वविद्यालयबाट सामाजिक कार्य, बाल विकास वा बाल अधिकारको बिषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा
- मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै पनि बिषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा समाजसेवा सम्बन्धमा कम्तिमा १ महिनाको तालिम प्राप्त गरेको र
- फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको।

२०७७/१०/२

गोविन्दप्रसाद घिमिरे
स्रेस्तेदार (उपसचिव)
श्रेस्तेदार(उपसचिव)